२०६८ जेठ ३ बुद्ध पूर्णिमा ने.सं. ११३१

# अर्हत

बुलेटिन १ | वर्ष १



## महामानव गौतम बुद्ध

# हार्दिक शुभकामना

बौद्ध दर्शन अध्ययन समाजले प्रकाशित गरेको "अर्हत" ले बौद्ध चेतना जगाउने अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्राचार्य

**बासु उ.मा.वि./बासु कलेज**

कालीघाट, ब्यासी, भक्तपुर-१०

फोन नं. ६६१५२५७, ६६२०३००, ६६१०६४८

# अर्हत

वर्ष १, बुलेटिन १,
२०६८ वैशाख पूर्णिमा

सम्पादन/प्रकाशन
बौद्ध दर्शन अध्ययन
समाज
भक्तपुर

विशेष सहयोगी
गोपीकृष्ण प्रजापति

कम्प्युटर
सिद्धि डिजाइन
फोन - ६६१५१०७

मुद्रण
सिद्धिगणेश अफसेट प्रेस
इनाचो, भक्तपुर
फोन - ६६१४७९३

सहयोग रु. २०।-

## प्रकाशकीय

जीवन र जगतलाई हेर्ने दृष्टिकोणलाई नै दर्शन भन्ने गरिन्छ । मानव समाजभित्र आध्यात्मवादी र भौतिकवादी दर्शनको प्रभाव छ । यस दुईवटा दर्शनमध्ये सबभन्दा बढी आध्यात्मवादी दर्शनको प्रभाव देखिन्छ । मानव मस्तिष्कमा अध्यात्मवादी विचारले गहिरो जरा गाडेको हुँदा मान्छेहरु ज्ञानेन्द्रीय (नाक, कान, आँखा, छाला र जिब्रो) भन्दा बाहिरका असत्य कुरालाई सत्य मान्छन् । यो संसार सृष्टि हुनु अगावै ईश्वर थियो, ईश्वरले संसार सृष्टि गरेका हुन् अथवा चेतनाबाट पदार्थको सृष्टि भएको हो भन्ने विचार राख्छन् । हाम्रो जीवन सपना हो, मान्छेको साँचो जीवन मृत्युपछि मात्र पाउनेछ भन्ने कुरा गर्छन् । मानव समाजभित्र देखिएको दुःख-सुख, सबै पूर्वजन्मको फल हो । मधु र कैटव राक्षसको हाड, छाला र रगतबाट यो पृथ्वी सृष्टि भएको हो भन्ने मिठ्या कुरा गर्छन् ।

भौतिकवादी दर्शनले आध्यात्मवादीहरुका ती सम्पूर्ण कुराहरु असत्य मान्छन् । ज्ञानेन्द्रीयभित्रका कुरा मात्र सत्य मान्छन् । हाम्रो यो पृथ्वी सूर्यको टुक्रा हो । सम्पूर्ण ग्रह तथा ताराहरु नियमित रुपमा फेरिदै जाने आगो हो । उनीहरु पदार्थबाट चेतनाको विकास भएको कुरालाई सत्य मान्छन् ।

यी दुई दर्शनमध्ये बौद्ध दर्शन भौतिकवादी दर्शनसँग नजिक रहेको कुरा हामीले अनुभव गरेका छौं । बौद्ध दर्शनलाई धर्मको रुपमा नलिइकन जीवन पद्धतिको रुपमा स्वीकार गरियो भने बौद्ध दर्शन पनि समाज परिवर्तनको लागि अमूल्य मार्ग निर्देश बन्न सक्छ भन्ने विश्वास छ ।

बौद्ध दर्शनको ज्ञान भण्डार आकाश जस्तै विशाल छ, सागर जतिकै गहिरो छ । त्यही ज्ञान भण्डारबाट एकथोपा मात्र भए पनि ज्ञान प्राप्त गर्न सकौं भन्ने विचारले बौद्ध दर्शन अध्ययन समाजको स्थापना भएको हो । त्यही समाजको बुलेटिन अर्हत हाम्रो पहिलो प्रयास हो । धन्यवाद !

# पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)

म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्ने छैन । यो शील
राम्ररी पालन गर्नेछु ।

म झूठ कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागुपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ।

*श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजी पात्रबाट साभार*

# जनताको हित गर्नु नै राजनीति हो

*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष का. रोहितसँग बुद्धकालीन राजनैतिक अवस्था र बौद्ध साहित्यबारे 'बौद्ध दर्शन अध्ययन समाजका साथीहरूले गरेको छलफलको केही अंश पाठक वर्गको लागि प्रस्तुत छ - सं.)*



**बुद्धकालीन समयमा विश्वको राजनैतिक अवस्था कस्तो होला ?**

संसारका महादेशहरू, फरक फरक देशहरू तथा एउटै देशका पनि विभिन्न क्षेत्रहरूको विकास असमान थियो । बुद्धकालीन समय आफै दास युग र समान्तवादी समाज तथा प्राचीन गणतन्त्र र राजतन्त्रको संक्रमनकाल थियो ।

**आध्यात्मवादी तथा भौतिकवादी दर्शनमध्ये बौद्ध दर्शन (गौतम बुद्धको) कुन विचारबाट प्रभावित देखिन्छ ?**

बौद्ध दर्शन मूलत: भौतिकवादी दर्शन हो । चार्वाक दर्शनकै एक हाँगा बौद्ध दर्शन हो ।

**बौद्ध साहित्यमा दर्शनभन्दा जीवन पद्धतिको विशेष स्थान देखिन्छ। यसको कारण के होला ?**

संसारलाई हेर्ने दृष्टिकोण नै दर्शन हो । दर्शनलाई पछि धर्मको नाम दिइयो । त्यही दर्शनअनुसार नै मानिसको जीवन पद्धतिको निर्माण हुन्छ ।

**धर्मको बाटोमा लाग्नु समाजको सेवा गर्नु हो। राजनीतिमा लाग्नु पनि देश र जनताको हितको लागि हो भने धर्म र राजनीतिमा भिन्नता किन ?**

निश्चित जीवन पद्धतिलाई चालु राख्नु वा सेवा गर्नु स्वयं राजनीति हो । राजनीतिको अर्को अर्थ हित हेर्नु र गर्नु हो । जनताको हित हेर्नु नै राजनीति हो । तर समाज वर्ग एवं समुदायमा विभाजित भएको हुँदा फरक फरक हित हेर्ने गरेकै कारण फरक फरक राजनैतिक पार्टी र उद्देश्यको प्रादुर्भाव भएको हो ।

**समाजमा देखिएका विकृति र विसंगति हटाउन नै सिद्धार्थले गृह त्याग गऱ्यो। के यो पनि राजनीति होइन र ?**

फरक परिवेश र भिन्न चिन्तनकै कारण सिद्धार्थले गृह त्याग गरेको हुनुपर्छ । यसलाई राजनीतिभन्दा पनि दर्शन र जीवन पद्धतिकै बेमेल भनेमा फरक नपर्ला ।

**बौद्ध दर्शन अध्ययन समाजबारे आफ्नो धारणा के होला र यस संस्थाको प्रगतिको लागि कसरी पाइला चाल्नु पर्ला ?**

बौद्ध दर्शन अध्ययन समाजलाई परम्परागत रुढीवादी धार्मिक संस्थाको रुपमा चालू राख्नुभन्दा बौद्ध दर्शनबारे अध्ययन र खोजबिन (अनुसन्धान) को संस्थाको रुपमा अगाडि बढाउनु बढी फलदायी हुनेछ । यस संस्थामा नयाँ पुस्तालाई सक्रिय बनाउनु बढी उपयुक्त देख्छु ।

●

'समाजको लागि बुद्धको शिक्षा' भित्रका दुई शिक्षा

# अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ – १

● भिक्षु अश्वघोष



कतिपय पाठकहरूले प्रश्न सोधेका छन् - 'के सधैं सबै ठाउँमा सहेरै बस्नुपर्छ भन्ने शिक्षा बुद्ध धर्मले दिन्छ ?'

बुद्धको शिक्षाअनुसार अन्याय सहेर बस्नु झन् अन्याय हुन्छ । सबै ठाउँमा सहेरै बस्नु त झन् धर्म भएन र व्यावहारिक पक्ष पनि भएन । बौद्ध साहित्यमा छलकपट गर्नेलाई छलकपटकै जवाफ दिनुपर्छ भनिएको पाइन्छ । उदाहरणार्थ जातक कथामा आधारित एउटा घटना प्रस्तुत गर्छु ।

धेरै पहिलेको कुरा हो वाराणसी देशमा ब्रहमदत्त राजाको पालामा बोधिसत्व एक व्यापारी कुलमा जन्मे । उनको पण्डित नाम राखियो । जब उनी जवानीको अवस्थामा पुगे: उनले अतिपण्डितको नामको साथीसँग मिलेर साझा व्यापार सुरु गरे । यसै क्रममा उनीहरू अलि टाढाको सहरमा गई पैसा कमाएर ल्याए ।

अतिपण्डितले जम्मै पैसा आफ्नो हातमा पार्ने योजना बनायो । उसले पण्डित साथीलाई सुझाव दियो - हाम्रा छिमेकी र नाता कुटुम्बहरू राम्रो नियतका छैनन् । त्यसैले यही जंगलको एउटा ठाउँमा धन गाडेर जाऊँ न हुन्न ? पण्डित बोधिसत्व सोझो मान्छे, छक्का-पञ्जा केही थाहा नभएको हुँदा साथीको सुझावमा सहमत भए ।

केही दिनपछि अतिपण्डितले खुरुक्क गाडिराखेको धन उठाएर ल्यायो । आफ्नो बुबालाई पनि सिकाइदियो - हामी दुई जनाबीच पैसाको बारेमा झगडा हुनेछ । त्यसपछि हामी दुवै फलाना ठाउँको रुखमा न्यायको लागि प्रार्थना गर्न आउनेछौं । अनि बुबाले नक्कली देवता बनी खोक्रो रुखभित्र बसिरहनु । मुद्दा ल्याउँदाखेरि गाडिराखेको धन पण्डितले नै लिएको हो भनिदिनुपर्‍यो ।

अतिपण्डितले पण्डितलाई भन्यो - पैसाको खाँचो छ । जाऊँ पैसा लिन । दुवै गएर खन्न थाले । तर, पैसा त हुने कुरै भएन । अतिपण्डितले उल्टै पण्डितलाई पैसा निकालेर लगेको आरोप लगायो ।

पण्डित बोधिसत्वले भने - नचाहिने झूटो आरोप नलगाऊ । मैले पैसा लिएको छैन । चोरको स्वर झन् ठूलो हुन्छ भने जस्तै अतिपण्डित झन् ठूलो स्वरले कराएर झगडा गर्न खोज्यो । अन्त्यमा त्यही नक्कली देवता भएको रुखमुनि दुवै पुगे र अतिपण्डितले हात जोडी आँखा बन्द गरी प्रार्थना गर्न थाल्यो - हे न्यायप्रेमी वृक्षदेवता ! हामी


दुई जनामा को चोर हो भनी दिनुपऱ्यो, न्याय दिनुपऱ्यो ।

नक्कली देवताले खूब नरम स्वरले भन्न थाल्यो - 'पण्डित नै चोर हो, उसैले पैसा चोरेको हो ।' आजभोलि त प्रहरीका हाकिमहरू, डाक्टरहरू र साधुहरू नक्कली हुन्छन् भन्ने सुनिन्छ । अहिले चाहिं देवता पनि नक्कली हुँदा रहेछन् ।

देवताको अन्यायपूर्ण निर्णय सुनेर बोधिसत्व पण्डितले विचार गरे - यो पक्कै पनि नक्कली देवता हुनुपर्छ । उनले देउता नक्कली हो कि सक्कली हो, परीक्षा लिनुपऱ्यो भनी सुख्खा झारपात र पराल जम्मा गरी रुखमुनि चारैतिर राखी आगो लगाइदियो । नक्कली देवतालाई त आगोले पोल्नथाल्यो । ज्यान बचाउनको लागि बाहिर निस्केर भन्न थाल्यो - मेरो छोरा अतिपण्डित नै चोर हो । अनि पण्डित बोधिसत्वले आधाआधि धन बाँडेर लिए ।

यस घटनाबाट के शिक्षा लिनुपर्छ भने बोधिसत्व पण्डितले आफ्नो साथी ठग अतिपण्डितप्रति दया देखाई सहेर बसेनन् । संघर्ष गरेर आफ्नो अधिकारको आधाआधि पैसा लिएरै छाडे । हुन त बोधिसत्वले सहनुपर्ने र त्याग गर्नुपर्ने, त्यसो गरेनन् ।

हाम्रो देशमा साझा र संस्थानहरूमा पनि इमानदारिता नभएकोले जति आम्दानी भए पनि तिनीहरूमा घाटामात्र देखाइन्छ । यस्तो कुरा सहेर बस्नु राष्ट्रको लागि हितकर हुँदैन ।●




'अर्हत' लाई बौद्ध साहित्य विषयमा
लेख-रचनाहरु दिई सहयोग गरिदिनु हुन लेखक महानुभावहरुमा
विनम्र अनुरोध गर्दछ ।

सम्पर्क : चन्द्रबहादुर उलक
फोन नं. : ९८४१९५०१३१
फ्याक्स : ६६१३२०७

बौद्ध दर्शन अध्ययन समाज
भक्तपुर

# शान्तिको लागि बुद्ध सन्देश - २

गौतम बुद्धले आफ्नो उपदेशमा वर्तमान जीवनमा सुधार र शान्ति तथा समृद्धि हुनुपर्ने कुरा धेरै ठाउँमा उल्लेख गर्नुभएको छ । दुःखबाट मुक्त हुनु भनेको ठूल्ठूला घर बनाएर सुख र बिलासितापूर्ण जीवन बिताउनुमात्र होइन । बुद्धकालीन साधारण जनता धेरै दरिद्र, अशिक्षित, अन्धविश्वासी तथा सफासुघर गरेर बस्न नजान्ने र उचित पोषणयुक्त खाना नहुने भएकोले रोगी थिए । उनीहरूमा निस्वार्थीभाव र निर्वाणको कुरा जान्ने शक्ति थिएन । त्यसैले उनीहरूलाई निर्वाणको कुराभन्दा पनि यो वर्तमान लौकिक, भौतिक जीवन उन्नतिको लागि आवश्यक सामान्य ज्ञान र सरल कुराको खाँचो थियो ।

एक समय गौतम बुद्ध कोलिय अञ्चलको जिल्लामा बस्नुभएको थियो । त्यस बखत दीघजानु कोलियपुत्र नामक एकजना व्यक्ति गौतम बुद्धकहाँ गएर वन्दना गर्दै भने - 'भो श्रमण गौतम, हामी बालबच्चा सहित सुख भोग गरेर गृहस्थी जीवन बिताइरहेका छौं । धन, खेत, सुन, चाँदी आदि सम्पत्ति जम्मा गरी बस्ने हामीलाई हित हुने, समृद्ध हुने उपदेश दिनुस् । हामी घरबार छोडेर तपाईं जस्तो त्यागी बन्न सक्दैनौं ।' गौतम बुद्धले भन्नुभयो - 'कोलियपुत्र, यो जीवन सुखित मुदित भइ जीविका चलाउनको लागि चार चीजले पूर्ण हुनुपर्छ ।

**ती चीजहरू हुन् -**

१) उत्थान सम्पदा - अर्थात् परिश्रम र मेहनत,
२) आरक्ख सम्पदा - अर्थात् सुरक्षाको व्यवस्था,
३) कल्याणमित्तता - अर्थात् असल साथी र
४) समजीविकता - अर्थात् आम्दानीअनुसार खर्च गर्नु ।

**किन परिश्रम र मेहनत गर्नुपर्ने ? बुद्धको शिक्षा अनुसार मानिसहरूलाई न भै न हुने चार प्रकारका सुख पनि छन् । ती हुन् -**

१) अत्थिसुख - अर्थात् आधारभूत आवश्यक चीज आफूसँग छ भन्ने सुख ।
२) भोगसुख - अर्थात् कमाएको धन आफ्नो इच्छानुसार भोग गर्न पाइने सुख ।
३) अनण सुख - अर्थात् ऋण नभै बाँच्ने सुख ।
४) अनवज्जसुख - अर्थात् निर्दोषतापूर्वक रोजगारी गरिरहने सुख ।

उपर्युक्त आधारभूत आवश्यकता पूर्तिको लागि सबैले मेहनती र परिश्रमी हुनुपर्छ । अल्छी हुनुहुँदैन । काखीमुनिबाट पसिना नबगेसम्म इमानदारीसाथ मेहनत गर्नुपर्छ । हामीलाई आधारभूत आवश्यक वस्तु चाहिन्छ । त्यो पदार्थ परिश्रमबाट मात्र पाइन्छ । हामीलाई खाना,

लत्ताकपडा, बासस्थान, बिछ्यौना, भाँडाकुँडा आदि चीजहरू नभै हुन्न ।

गौतम बुद्धले अगाडि भन्नुभयो - 'आवश्यक चीज प्राप्तिका लागि मेहनत गर्नु अनिवार्य छ । चुप लागेर बसिरहँदा देवताले त्यसै दिन आउँदैनन्, न त मानिसहरूले नै खुवाउन आउँछन् । कर्ममा छैन भनेर चुप लागेर बस्ने होइन । काम गरेर जीविका गर्नुपर्छ । त्यसैले व्यक्ति मेहनती र परिश्रमी हुनुपर्छ । उत्साहीको इच्छा मात्र पूरा हुन्छ । अल्छीको इच्छा पूरा हुँदैन । उत्साही व्यक्तिलाई चाहिने वस्तु आफूसँग छ भने सुख हुन्छ ।

गौतम बुद्धले फेरि भन्नुभयो - 'मानिसले आफ्नो रोजगार कृषि, व्यापार, पशुपालन, कारखाना, जागिर आदि काम गरेर आफ्नो जीविका चलाउनुपर्छ । सुरुमा काम गर्दाखेरि जस्तो उत्साह थियो, अन्तसम्म त्यस्तै नै उत्साही हुनुपर्छ । यही नै पहिलो सम्पत्ति हो र जीवन सुखमय हुने साधन हो ।

परिश्रम गरेर कमाएको धन भविष्यमा भइपरि आउने कामको लागि बचाइ राख्नुपर्छ । त्यसैले त्यसको सुरक्षा हुन मितव्ययी हुनु आवश्यक छ । आम्दानी अनुसार खर्च गर्न सिक्नुपर्छ । यहाँ सुरक्षाको अर्थ चोर, डाँका र लुटाहाहरूबाट सुरक्षित हुनु हो, कर तिर्नबाट सम्पत्ति लुकाइराख्नु होइन ।

गौतम बुद्ध फेरि भन्नुहुन्छ - 'खानालाई मात्र पुग्नेगरी कमाएर पुग्दैन । बिरामी हुँदा, आफन्त पाहुनाहरू आउने बेला स्वागत सत्कार गर्नलाई समेत पुग्ने गरी इमानदारीसाथ मेहनत गरेर कमाउनुपर्छ । पैसाको बचावटको लागि खराब साथीहरूको संगत गर्नुहुँदैन । राम्रो चरित्र र स्वभावका साथीहरूको संगत गर्नुपर्छ । आम्दानी अनुसार खर्च गर्न सकिएन भने अरुसित सापटी माग्नुपर्ने हुन्छ । ऋणी जीवनमा सुख हुँदैन । ऋण बाँकी रहँदा सधैं साहुजी आउला र कतै जाँदाखेरि देख्ला कि भन्ने डर रहन्छ । त्यसैले 'देहीति वचनं काष्ठं, नास्तीति वचनं तथा' अर्थात् दिनुस् भनी माग्दाखेरि तीतो अनुभव हुन्छ, त्यस्तै छैन भन्दाखेरि पनि तीतो अनुभव हुन्छ । अतः अरुसँग सापटी लिनु नपर्ने गरी मेहनत गरी आत्मनिर्भर हुनुपर्छ ।

१) फेरि गौतम बुद्ध भन्नु हुन्छ - 'गृहस्थी जीवन सुखमय बनाउनको लागि आइमाइसित भुल्नु र आसक्त हुनुहुँदैन ।'
२) मादक पदार्थमा आसक्त भई रक्सी खाई जँड्याहा हुनुहुँदैन ।
३) जुवाडे हुनुहुँदैन । त्यसो हुँदा सर्वस्व मात्र होइन, स्वास्नी पनि गुमाउनुपर्ला ।
४) कुसंगत गर्नुहुँदैन । असत्पुरुषको संगतले गर्दा कुमार्गमा लाग्न बाध्य बनाइदिन्छ ।

त्यसपछि दीघजानु कोलिपुत्रले बुद्धको शिक्षाअनुसार जीविका चलाई सुखमय जीवन बिताउन थाले ।

*(व्यग्घपज्ज सुत्त अंगुत्तर निकाय)*

गौतम बुद्धले भिक्षु जीवन भविष्यसम्म पनि नैतिकतापूर्ण गरी पवित्र रुपले टिकाउनका निमित्त चतुप्रत्यय अर्थात् चार आधारभूत वस्तु - चीवर (वस्त्र), पिण्डपात्र (खाना), सयनासन (बासस्थान) र गिलानपच्चय (औषधि) यी चार चीज भिक्षुको लागि नभै नहुने भन्ने नियम बनाइदिनुभयो । उपरोक्त चार वस्तु पूरा नभैकन भिक्षुहरूलाई आफ्नो नियममा टिक्नु मुश्किल हुने भएकोले नै बुद्धले यस्तो नियम बनाउनु भएको हुनुपर्छ । तर अचेल त यी चार चीज मात्र पूरा भएर पुग्दैन, शिक्षा पनि अत्यावश्यक भएको छ ।

धेरैजनाले सुनेर विश्वास गरे अनुसार, बुद्ध-शिक्षाको मूल लक्ष्य निर्वाण प्राप्त गर्नु हो । मानिसको सम्पूर्ण तृष्णाबाट मुक्त हुने अवस्थालाई निर्वाण भनिन्छ ।

जहाँसम्म मलाई लाग्छ, गौतम बुद्धले दु:खबाट मुक्त हुने कुरा मात्र भन्नुहुन्थ्यो । पछि आएर निर्वाण भन्ने दार्शनिक शब्द प्रयोगमा आयो । 'निर्वाण' शब्दलाई अबौद्ध दर्शनको स्वर्ग (मोक्ष) सँग तुलना गर्न सकिन्न ।

निर्वाणत्व प्राप्त भैसकेपछि फेरि त्यसको जन्म हुँदैन । यही नै जीवनमा तृष्णा क्षय हुनु र नि:स्वार्थ जीवनको अवस्था हो । आज विश्वमा अशान्ति र तनाव बढिरहनाको मुख्य कारण धनीवर्ग र गरिब वर्गबीच देखापरेका आर्थिक असमानताले गर्दा उब्जिएको असन्तुलित जीवनस्तर हो । धनी र गरिब भई दुई वर्ग रहुन्जेलसम्म शान्ति स्थापना हुन सम्भव छैन ।

गौतम बुद्धले भन्नुभएको छ - धनी वर्ग र गरिब वर्ग दुवैले निर्वाणसुख पाउन गाऱ्हो छ किनभने धनी वर्गलाई विलासितामय अर्थात् सुख सुविधायुक्त जीवन प्रिय हुन्छ र त्यस्तो मानिस त्यसैमा आसक्त भइरहन्छ र पैसाबाट पैसा तान्नुमा व्यस्त भइरहन्छ । ऊ जति भए पनि नपुग्ने तृष्णाबाट मुक्त हुन सक्दैन । पैसा कमाउनु र घर बनाउनु तृष्णा होइन तर आवश्यकताभन्दा बढी पैसा कमाउनु र रातारात करोडपति बन्ने इच्छा राख्नु तृष्णा हो ।

कमाएको धन सदुपयोग नगर्नु तृष्णा हो । पैसा धेरै हुँदा पीर र चिन्ता भइरहन्छ । गौतम बुद्धले भन्नुभएको छ - भएको पैसा सदुपयोग भएन भने त्यो धन सरकारले जफत गर्न सक्दछ, चोरले चोरेर लान सक्छ, आगो लागी नष्ट हुनसक्छ र बाढीले बगाउन सक्छ । यो धनी वर्गको विषयलाई छाडी अब गरिब वर्गतिर पनि एकपटक विचार गरौं ।

जिघच्छा परमा रोगा' अर्थात् भोक लाग्नुजस्तो ठूलो रोग अर्को छैन । गौतम बुद्धले यसरी आज्ञा गर्नु भएको आफ्नो अनुभवले र प्राणीमात्रलाई आहार (खाना) नभइ नहुने भएर होला ।

यो कुराले झन् स्पष्ट थाहा हुन्छ - 'सब्बे सत्ता आहारट्ठितिका' अर्थात् सबै प्राणीहरू आहारमा निर्भर छन् । भोकाएका मानिसलाई धर्म र संस्कृतिसँग कुनै मतलब हुँदैन । शरीर बलियो नभइ चिन्तनशक्ति बलियो हुँदैन । भोकाएको मानिसले जे पनि अपराध गर्न सक्छ ।

संस्कृत भाषामा एउटा उक्ति पनि छ - 'बुभुक्षित: किं न करोति पापम्' अर्थात् जब मानिसलाई भोक लाग्छ ऊ दरिद्र हुन्छ, तब उसलाई खाने र पिउने वस्तुको अभाव हुन्छ, अनि त्यसले चोर्ने काम गर्न थाल्छ, लुट्ने, घूस लिने र बेइमानी काम गरेर पनि आफ्नो जीविका चलाउन खोज्दछ ।

गरिबी र दरिद्रता नै अपराध र भ्रष्टाचारको मूल कारण हो भनेर दिघनिकायको चक्कवत्ति सिंहनाद सूत्रमा उल्लेख गरिएको छ । उदाहरणको लागि यहाँ संक्षिप्त विवरण प्रस्तुत गर्न लागिएको छ ।

गौतम बुद्ध मगधको मातुला भन्ने ठाउँमा बस्नु भएको बेला उहाँले भिक्षुहरूलाई सम्बोधन गरेर धार्मिक राजा 'दल्हनेमी' को कथा सुनाउनु भएको थियो । ती राजा धेरै प्रभावशाली थिए । उनले आफू बुढो हुने बित्तिकै आफ्ना छोरा युवराजको राज्याभिषेक गरे । उनीहरूको सात पुस्तासम्म धार्मिक रुपले (जनमुखि भएर) नै राज्य चलेको कारणले जनता सुखी र आनन्दित भए तर आठौं चक्रवर्ती राजाले स्वेच्छाचारी भएर राज्य राम्ररी सञ्चालन गरेनन् ।

उनले स्वार्थी भई आफ्नै बुद्धिले तानाशाही बनी शासन चलाउन थाले । राजर्षिकहाँ गई चक्रवर्तीव्रतको कुरा पनि सुनेनन् । उनले प्रजाहरूको आर्थिक अवस्था सुधार गर्न र उन्नति गर्न तिर ध्यान दिएनन् । त्यसैले उनी आर्थिक अवस्था सुधार गर्न असमर्थ भए । यसले गर्दा दरिद्रताको कोप झन्झन् वृद्धि हुन थाल्यो । दरिद्रताको कारणले राज्यमा चोरी, डकैती, हत्या आदि पापाचार बढ्न थाले ।

तर अचेल घूस खाने र भ्रष्टाचार गर्नेहरू त गरिबहरू होइनन् बरु धनाढ्यहरू नै हुन् । जत्ति भए पनि नपुग्ने, असन्तुष्टी र तृष्णाले गर्दा हो ।

आर्थिक उन्नति मानिसहरूको हित, सुख र

समृद्धिको लागि आवश्यक छ भनी बुद्धले भन्नुभएको छ । दण्ड दिएर मात्र चोर डाँकु आदि अपराधीहरूको निर्मुल गर्न सकिँदैन । साँच्चै नै चोरी डकैती आदि अपराध हुन नदिनको लागि त मानिसहरूको जीविकोपार्जनको, इलमको बन्दोबस्त गरिदिनु आवश्यक छ, भनी दीघनिकायको कूटद्न्तसूत्रमा राम्रोसँग व्याख्या गरिएको छ ।

गौतम बुद्ध एकदिन मगधमा घुम्न जानुभएको बेलामा एउटा आँपको बगैँचामा बस्नुभयो ॥ त्यसबखत त्यहाँ 'कूटदन्त' नाउँ भएको एकजना विद्वान ब्राह्मणले महायज्ञ गर्ने भनी प्रतिज्ञा गरिराखेका थिए ॥ गौतम बुद्ध यज्ञ सम्पदाको बारेमा राम्रोसँग जान्नुहुन्छ भन्ने कुरा कूटदन्तले सुनिराखेका थिए ॥ त्यसैले उनले बुद्धकहाँ गई प्रार्थना गरे - 'तीन प्रकारको महायज्ञको विषयमा स्पष्ट बुझ्नेगरी आज्ञा होस् ।'

गौतम बुद्धले यज्ञहोम विधिको व्याख्या गर्दै ब्राहमणलाई आज्ञा गर्नुभयो - 'उहिले महाविजित भन्ने राजाको पनि यज्ञ गर्ने इच्छा भई आफ्ना पुरोहित ब्राह्मण कहाँ गएर प्रार्थना गरे - म चारै दिशालाई पनि विजय प्राप्त गरेर अधिपति भइसकें । मसँग असंख्य धन सम्पत्ति छ । अब मलाई हित सुख हुने राज्य समृद्धिशाली पार्नलाई कुन प्रकारले यज्ञहोम गर्नुपर्ला ? बताइ दिनुहोस् ।

अनि विजित राजालाई सो पुरोहित ब्राह्मणले भन्नुभयो - 'महाराज, सरकारको राज्यमा चोर र डाँकाहरूले सर्वसाधारण जनतालाई ज्यादै नै सताई दुःख दिइरहेका छन् । बाटोमा एक्लै हिंड्नु हुँदैन । लूटपाट भइरहेछ । सुरक्षा छैन । यस्तो जनतामा हाहाकार भइ रोग, पीडा र अनेक भयले त्राहित्राहि भइरहेको बेलामा धेरै धन खर्च गरी यज्ञ गर्नु धर्म होइन, बरु अधर्म हो, पुण्य होइन । शायद महाराजालाई यस्तो पनि मनमा पर्नसक्ला - 'मैले यी बदमाश, चोर र डाँकाहरूलाई समातेर शासना दिउँला, देशबाट निकाला गरुँला, मारेर पठाउँला र कठोर दण्डभोग गराई कारावासमा राखी उपद्रव नहुने व्यवस्था मिलाउँला आदि ।'

तर महाराज, यसरी दण्ड आदि दिएर चोर डाँका आदि बदमाश अपराधीलाई नष्ट गर्न सकिन्न । साँच्चै नै देशबाट चोर लुटेराहरूलाई निमित्यान्न पारी शान्ति स्थापना गर्ने हो भने त्यहाँ आर्थिक अवस्था राम्रो पार्नुपर्छ ।

विजित राजाले सोधे - त्यो कसरी ??

महाराज, कुनै व्यक्तिले सरकारको राज्यमा खेती गर्ने इच्छा गरेमा त्यस व्यक्तिलाई तपाईंले खेतीका सामान र बीउ बिजन आदि दिएर सहायता गर्नु पर्दछ ॥ कुनै व्यक्तिले व्यापार गर्ने इच्छा गरेमा त्यसलाई पूँजी दिनुपर्छ । त्यस्तै कसैले राजदरबारमा जागिर खान चाहेमा त्यसलाई भत्ता सहित तलब दिनुपर्छ ।

यसप्रकार ती मानिसहरू आ-आफ्नो काममा लाग्छन् अनि राजाको देशमा कसैले पनि दुःख दिने छैन । सबैले काम पाएमा आ-आफ्नो काममा संलग्न भई नराम्रो कामतिर चिन्तन गर्ने कसैलाई फुर्सद नै हुँदैन । अनि तपाईंको राज्य झन् समृद्धिशाली हुनेछ र सबैले सुखपूर्वक जीविका गरेर बस्नेछन् ।

राजाविजितले पुरोहित ब्राहमणलाई त्यसै गर्छु भनी आफ्नो राज्यमा गएर ज-जसले खेती गर्न उत्साही छन् उनीहरूलाई आवश्यक कृषि औजार र बीउबीजन दिए, जसले व्यापार गर्ने इच्छा प्रकट गरे उनीहरूलाई पूँजी दिए ।

ज-जसले जागिर खाने इच्छा गरे, उनीहरूलाई भत्तासहित उचित तलब उपलब्ध गराइदिए । यसरी सबैलाई कामको व्यवस्था मिलाई दिएकोले देशमा कहीं कतै पनि अशान्ति भएन । कसैले कसैलाई सताएन । सबै आ-आफ्नो काममा तल्लीन देखिए । सबैले आफ्नो बाल बच्चासँग नाचेर निश्चिन्त भई जीविका चलाएर बसे । शान्ति । शान्ति ॥

*(समाजका लागि बुद्धको शिक्षा किताबबाट साभार)*

●

# भदन्त डा. रेवतधम्म महास्थविर

● रत्नसुन्दर शाक्य



भारतमा १२ औं शताब्दीको अन्त्य र १३ औं शताब्दीको सुरुसम्ममा पटक-पटकको मुस्लिम आक्रमण पश्चात् बुद्ध-धर्म सदियौंको निम्ति लोप हुन गएको थियो । झण्डै ७ शताब्दीको अन्धकारपछि बल्ल १९ औं शताब्दीको उत्तरार्द्धमा आएर भारतमा वुद्ध-धर्म पुनरुत्थानको पृष्ठभूमि सुरु हुन आयो । यसको प्रमूख देन अंग्रेज पुरातत्ववेत्ता जनरल अलेभजेण्डर कनिंघम (सन् १८१४-९३) पश्चात् श्रीलंका बौद्ध धर्म दूत अनागारिक धर्मपाल (सन् १८६४-१९३३) लाई रहेको छ । १९ औं शताब्दीको अन्तिम दशकमा भारतमा बुद्धका संवेजनीय स्थलहरूको अवलोकनार्थ आउनुभएका अनगारिक धर्मपालले विशेषत: बोधगयाको दुर्दशा एवं भारतमा बुद्ध धर्म प्रसार गर्ने कोही बौद्ध भिक्षु नरहेको कारण बुद्धत्वस्थल बोधगया र धर्मचक्रप्रवर्तनस्थल ऋषिपतन मृगदावन (सारनाथ) को संरक्षण गरी बुद्ध-धर्म प्रचार गर्ने हेतु श्रीलंका फर्कनासाथ ३१ मई १८९१ का दिन 'The Maha Boddhi Society' नामक संस्था स्थापना गर्नुभएको थियो । यस संस्था कर्नल हेनरी स्टील (The Jheo-sophical Society का एक संस्थापक) को निर्देशकत्व, विद्योदय परिवेण, कोलम्बोका प्रधानाचार्य हिक्कडुवे श्री सुमंगल महास्थविर (सन् १८२७-१९११) को अध्यक्षता र आफ्नो (अनगारिक धर्मपाल) महासचिवत्वमा स्थापना गरिएको थियो । यसको प्रधान कार्यालय सुरुमा कोलम्बो पश्चात् बिहार प्रदेश, भारतको 'गया' शहरमा राख्न ल्याइएको थियो । सन् १८९२ देखि पुन: सो प्रधानकार्यालय बंगाल प्रदेशका सदरमुकाम कलकत्ता महानगरमा राख्न ल्याइयो ।


अनगारिक धर्मपालले त्यसैबेलादेखि भिक्षुहरूबाट भारतमा बुद्ध-धर्म प्रचार-प्रसार गराउने हेतु बर्माको अराकानमा जानुभई त्यहाँबाट ऊ चन्दिमाका दुई शिष्य श्रामणेर चन्दा र श्रामणेर सूरियलाई भारतमा ल्याइएको थियो । यी दुईमा श्रामणेर चन्दा 'जो सन् १९०३ मा उपसम्पन्न हुनुभएको थियो' ले सन् १८९८ देखि कुशीनगरमा स्थायी रुपमा रही धर्मप्रचारकार्य गर्दै आइरहनुभएको थियो ।

त्यसैबेलादेखि भारतस्थित तथागतका विभिन्न संवेजनीय स्थलहरूको सुरक्षार्थ श्रीलंका, बर्मा, चटगाउँ (हाल बंगलादेशका एक प्रमुख शहर) का भिक्षुहरू आई स्थायी रुपमा रही योगदान गर्दै आइरहनुभएको थियो त पछि यी देशका कयौं भिक्षु श्रामणेरहरू भारतको विशेषत: काशी हिन्दू विश्वविद्यालयमा आई संस्कृत एवं दर्शनशास्त्र अध्ययनार्थ आउनेहरू पनि थुप्रै भए ।

ती भारतमा अध्ययनार्थ आउनु हुने विदेशी भिक्षुहरूमा एक हुनुहुन्छ - भदन्त रेवतधम्म महास्थविर । यहाँ उहाँकै एक संक्षिप्त परिचय प्रस्तुत गर्दैछु -

सन् १९३१ मा बर्माको एक साधारण परिवारमा जन्मनुभएका उहाँले त्यही प्रारम्भिक एवं माध्यमिक शिक्षा उत्तीर्ण गरिसकेपछि प्रव्रज्या एवं उपसम्पदा पनि प्राप्त गरिसकेपछि उच्च शिक्षा अध्ययनार्थ भारतमा आउनुभएको थियो ।

सम्पन्न गरिएको थियो । त्यस सम्मेलनमा भारतका दलित वर्गका नेता एवं संविधान निर्माता बाबासाहेब डा. अम्बेडकर (सन् १८९१-१९५६) लाई पनि विशेष अतिथिको रुपमा आमन्त्रण गरिएको थियो । सो सम्मेलनको बेला उहाँलाई एक व्याख्यानको निमित्त पनि



भिक्षु निवास दीक्षाभूमि, नागपुर पूज्य भन्तेजीको साथमा बायाँबाट भिक्षु अमरज्योति, भिक्षु शील भद्र, डा. भिक्षु मेधंकरजी, भिक्षु महेन्द्र, भिक्षु ज्ञानरत्न र भिक्षु रेवतधम्म (गोलामा) ।

भिक्षु रेवतधम्म बर्माबाट भारत आउनुअगाडि नै उहाँको भारतीयहरूसित आत्मीय सम्बन्ध रहिसकेको थियो । सन् १९५४ मा बर्माको राजधानी रँगून (योगून) मा विश्व बौद्ध भातृत्व संघ (The World Fellopwship of Buddhists) को तेस्रो विश्व बौद्ध सम्मेलनको आयोजना त्यही सम्पन्न भइरहेको छट्ठ संगायनाको अवधिभित्र (३-१७ डिसेम्बर १९५४) मै आग्रह गरिएको थियो जसअनुसार उहाँले 'बौद्ध-धर्मको प्रचारको आवश्यकता' बारे बोल्नुभएको थियो । जुन व्याख्यान दुईघण्टा सम्मको रहेको थियो । त्यसबेला उहाँको व्याख्यानबाट कसैलाई लेशमात्र पनि अरुची, थकानको अनुभवै नभएको र सबैले निरन्तर बोलिरहन आग्रह गरेको कारण दुई घण्टासम्म हुन गएको थियो ।

उक्त भाषणको क्रममा उहाँले भन्नुभएको थियो -

'यदि मनुष्यलाई आफ्नो जीवन सुखी बनाउनु छ भने उसले सदाचार, समता र विश्वबन्धुता अवलम्बन गर्नुपर्छ (यो विना अन्य कुनै बाटो छैन । बुद्ध धर्ममा यही कुरालाई विशेष रुपमा जोड दिइएको छ । मैले भगवान् बुद्धको यही शिक्षालाई आफ्नो ६ करोड (त्यसताका) अनुयायीहरूलाई भनिरहेको छु ।'

भारतका उच्चकोटीका राष्ट्रिय नेता, समाज सुधारक, शोषित पीडित दलित वर्गका मुक्तिदाता हुनुभएका बाबासाहेब डा. अम्वेडकरको प्रथम दर्शन गर्ने मौका भिक्षु रेवतधम्मले यसै सम्मेलनको बेला पाउनुभएको थियो । यसपछिको उहाँहरूको भेट सन् १९५६ मा नेपालमा सम्पन्न विश्वबौद्ध भ्रातृत्व संघको 'चतुर्थ विश्व बौद्ध सम्मेलन' को बेला भएको थियो । यसपटकको भेटघाटमा बाबासाहेब डा. अम्बेडकरले भरखरका नवयुवक (२५ वर्षका) हुनुभएका भिक्षु रेवतधम्मसित उहाँको जन्म, शिक्षा र भिक्षु हुनाको कारण आदिबारे सोधपुछ गर्नुभएको थियो ।

स्मरणीय छ, नेपालमा सम्पन्न यस चतुर्थ विश्व बौद्ध सम्मेलनमा बाबासाहेब डा. अम्बेडकरले 'बुद्ध-धर्म र साम्यवाद' को बारेमा बोल्दै भन्नुभएको थियो - 'संसारमा मानवीय मनको सुधारविना समाज सुधार असम्भव छ । बुद्धोपदेशित चतुआर्यसत्य अनुरुप दु:ख मुक्तिको लागि वा शान्ति स्थापनाको लागि अहिंसक ढंगको बाटो मात्र सही एवं विश्वसनीय रहेको र यसबाट मात्र सही लोकतान्त्रिक व्यवस्था लागु हुन्छ ।'

डा. अम्वेडकरसित भिक्षु रेवतधम्मको तेस्रो भेटघाट वा अन्तिम वाराणसीमा भएको थियो । त्यसबेला डा. अम्वेडकर नेपालबाट फर्कंदै थिए । उक्त दिन (२३ नवम्बर १९५६) सारनाथको गेष्ट हाउस (बुद्ध जयन्ती आवास) मा अन्य प्रमुख भिक्षुहरू-भिक्षु हम्मलव सद्धातिस्स, भिक्षु एम.संघरत्न, भिक्षु शासनश्री, भिक्षु धर्मरक्षित आदिका साथ भिक्षु रेवतधम्म पनि हुनुहुन्थ्यो । वार्तालापको प्रसंगमा डा. अम्वेडकरले भन्नुभएको थियो -

'भारत भी बर्मा जैसा देश होना चाहिए । बर्मा के हर एक गाउँमे एक बुद्धबिहार है । बडे गावों मे दो और तीन बुद्धबिहार भी है । यह सभी बुद्धबिहार गरिब लोगोंके बच्चो को मुफ्त शिक्षा देते है चुंकि बच्चों को प्राइमरी शिक्षा भिक्षुके हाथ मे रहती हे, इसलिए उन्हे धार्मिक शिक्षा मिल जाती है । इसके अतिरिक्त वह बच्चोंको भाषा और गणित भी सिखा देते है । यदि भारतके गावों मे बर्माके गावों की तरह बुद्धबिहार खुल जाएँ तो गरिब लोगों को शिक्षा मिल सकती हें । जब लोग शिक्षित हो जाएँगे तो अपनी आर्थिक समस्या दूर करने के लिये संघर्ष करना सीख जाएँगे ।'

यसको भोलिपल्ट (२७ नवम्वर १९५६) दिल्लीको निमित्त प्रस्थान गर्न बनारसको बाबतपुर हवाइ मैदानमा भिक्षु हम्मलव सदृातिस्स एवं अन्य भिक्षुहरूका साथ डा. अम्वेडकरलाई बिदाइ गर्न आएको भिक्षु रेवतधम्म एवं सबैको निमित्त अन्तिम बिदाइ हुन गएको थियो किनकी यसको ९ दिनपछि नै दिल्लीमा बाबासाहेब डा. अम्वेडकरको आकस्मिक निधन हुन गएको थियो ।

बाबासाहेब डा. अम्वेडकरको निधनको ११ दिनपछि उहाँले बुद्ध-धर्ममा विशेष प्रभावित गर्नुभएका सिंहलभिक्षु हम्मलव सद्धातिस्स महास्थविर पनि (बुद्ध बिहार, दिल्लीका इन्चार्ज भिक्षु मन्दिर मार्गस्थित) दिल्ली (भारत) छोडी सन् १९५७ मा बुद्ध-धर्म प्रचारार्थ लण्डन पुग्नुभयो त डा. अम्वेडकरको प्रतिभाबाट प्रभावित हुनुभएका भदन्त रेवतधम्म पनि युरोपमा धर्मप्रचारकै दौरानमा सन् १९७३-७४ मा त्यही (लण्डन) पुग्नुभयो ।

यस अवधि (सन् १९५७-७३/७४) भित्रमा भिक्षु रेवतधम्मले आफ्नै शैक्षिक प्रगतिमात्र वृद्धि गर्नुभएको थिएन किन्तु सन् १९६१ मा बर्मा बुद्ध शासन काउन्सिलको

निमन्त्रणामा **ग्रीष्मावकाश**को समय मिलाई विपश्यना ध्यान-भावनाबारे **केही लेख्ने** अभिप्रायलाई मूर्त रुप दिन आफैले पनि सोको **अनुभव** गर्न अग्रा महापण्डित भदन्त महासी सयादो (सन् १९०४-८२) को ध्यानकेन्द्रमा अढाई महिनासम्म ध्यान (साधना) सिक्न पनि पुग्नुभएको थियो । सोही अनुभवलाई 'बौद्ध साधना-विधि' को रुपमा लेखी सन् १९६५ मा 'बौद्ध स्वाध्यान सत्र, बनारस' को तर्फबाट प्रकाशन गरिएको थियो ।

स्मरणीय छ, 'बौद्ध स्वाध्यान सत्र, वाराणसी' ले भदन्त डा. रेवतधम्म महास्थविर 'घम्मा यरिप' को 'बुद्धका प्रथम सन्देश' नामक वर्मी भूपू प्रधानमन्त्री ऊ.नु. को पुस्तक अनुवाद गरी सन् १९७० मा प्रकाशन गरिदिएको थियो । ऊ.नु.द्वारा लिखित उक्त पुस्तकको मूल नाम हो - 'Frist sermon of the Buddhga' । यसको नेपालीभाषामा भिक्षु सुमंगल महास्थविर (वि.सं. १९८६-२०५५) को सल्लाहमा सुश्री नानीमैयाँ मानन्धरले अनुवाद गरी वि.सं. २०३६ सालमै सुमंगल महास्थविरकै तर्फबाट प्रकाशन गरिएको थियो ।

भिक्षु रेवतधम्म महास्थविरको अन्य एक प्रमुख कृतिको नाम हो - 'अभिधम्मत्थ सँग हो तथा अभिधम्मत्थ विभावानी टीका ।' दुई भागमा प्रकाशित यस पुस्तक लेखन वा अनुवाद कार्यमा उहाँलाई बौद्धदर्शन-विभाग-वाराणसेय संस्कृत विश्वविद्यालयका प्राचार्य पण्डित श्री रामेशंकर त्रिपाठीले विशेष सहयोग गर्नुभएको थियो । यस पुस्तकको प्रकाशन 'वाराणसेय संस्कृत विश्वविद्यालय' कै तर्फबाट भएको थियो । यसको दोस्रो भाग सन् १९६७ मा प्रकाशित गरिएको थियो ।

डा. भिक्षु रेवतधम्म महास्थविर नेपाली बौद्ध समुदायबाट पनि अपरिचित थिएन । उहाँ सन् १९५६ पश्चात् पनि पटक-पटक नेपालमा आइनै रहनुभएको थियो । सन् १९७९ मा उहाँ केही समयको निमित्त इङ्लैण्डबाट भारत आउनुभएको थियो - यसबेला पनि उहाँ केही दिनको निमित्त नेपाल आउनुभएको थियो ।

३ डिसेम्बर १९७९ का दिन (मार्ग पूर्णिमा, २०३६ विसं.) बिहान आनन्दकुरी बिहार, स्वयम्भूमा उहाँको विशेष सम्मान कार्यक्रम गरिएको थियो, सोही दिन मध्यान्हमा धर्मकीर्ति बिहार, नघल:मा पनि उहाँलाई स्वागत समारोहको आयोजना गरिएको थियो ।

भिक्षु रेवतधम्मको अन्तिम नेपालयात्रा सन् १९९७ को जनवरी महिनामा भयो । यसपटक पनि उहाँको विशेष आतिथ्य सत्कार गर्ने मौका 'धर्मकीर्ति बिहार' ले पाएको थियो ।

अफशोच ! उहाँले यसपटकको नेपालयात्रा सम्पन्न गर्नुभएको केही वर्षपछि हीरक वर्ष पूर्ण गर्न नपाउँदै दुई-अढाई दशक अगाडि देखि प्रमुख भिक्षुको रुपमा रहँदै आउनुभएको लण्डनस्थित वरमिंधम बिहारमै आफ्नो जीवन परित्याग गर्नुभयो ।

### सन्दर्भ


(१) बुद्धका प्रथम सन्देश - ऊ नु
हिन्दी अनुवादक - डा. भवन्त रेवतधम्म
नेपाली अनुवादक - सुश्री नानीमैयाँ मानन्धर
प्रकाशक - भिक्षु सुमंगल गण महाबिहार काठमाडौं - २०३६

२) युग पुरुष अम्वेडकर - बी.आर.सापला डा.अम्वेडकर समाज कल्याण परिषद् नई दिल्ली - १९९०

३) डा. रेवतधम्म भन्तेनापं घौ पलख - डा.मित्र सुशोभन
धर्मकीर्ति - वर्ष-१४,अंक-१० (माघ, २०५३)

# कान्छी प्रजापतिको संक्षिप्त जीवनी

विभिन्न बौद्ध विहारहरूमा भिक्षुहरूबाट धर्म देशना हुँदा केही मानिसहरू बुद्धको उपदेशलाई एक कानले सुन्ने अर्को कानले उडाउने गर्छन् । कोही मान्छे स्वर्गमा आफ्नो स्थान सुरक्षित राख्ने आशाले मन्दिरहरूमा पूजा गर्न गए जस्तै धुप बाली अक्षता छर्दै भिक्षुहरूको धर्म देशनामा सहभागी हुन्छन् भने कोही मान्छे बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्छन् । बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्नेहरूमध्ये कान्छी प्रजापति पनि एक जना हुनुभएको कुरा हाम्रो बौद्ध दर्शन अध्ययन समाजले अनुभव गरेको छ । यस कारण उहाँ को हुनुहुन्थ्यो ? उहाँले कसरी बुद्धको उपदेशलाई व्यवहारमा लागू गर्नुभयो भन्ने जानकारी राख्न उहाँको छोटो जीवनी प्रस्तुत गर्दछौं ।



दिवंगत कान्छी प्रजापति

भक्तपुर नगरपालिका वडा नं. १ बस्ने पिता भाजुमान प्रजापति र माता बुद्ध प्रजापतिको कोखबाट वि.सं. १९७० श्रावण महिनाको नाग पञ्चमीको दिन कान्छी प्रजापतिको जन्म भयो । माता पिताको चार छोरा दुइ छोरी मध्ये सबभन्दा कान्छी छोरी उहाँ नै हुनुहुन्थ्यो । त्यसकारण उहाँको नामै कान्छी हुन गयो । सानै उमेरदेखि काममा मेहनती तथा कहिल्यै नथाक्ने स्वभावको हुँदा लालनपोषन पनि उहाँको राम्रै किसिमबाट भयो । बाल्यकाल सुखमय जीवन बिताउँदै आउनुभएका कान्छी प्रजापतिको उमेर २१ वर्ष पुग्दा भनपा ९ तुछिमला टोल बस्ने गोपाल प्रजापतिसंग मागी विवाह भयो । पतिको घरमा सासू ससुरा तथा अरु कोही परिवार नभएको हुँदा गृहस्थीको सम्पूर्ण काम आफैले सम्हाल्नु भयो । बाल्यकालदेखि मेहनती हुँदा दाम्पत्य जीवन सुखमयमै विताउनु भयो । आफ्नो घर गृहस्थी सञ्चालन गर्न कान्छी प्रजापतिले ज्याला मजदुरीको लागि खेतीको काममा जानुहुन्थ्यो । हुरी बतास असिना पानीको वास्ता नगरी अरुको भन्दा बढी काम गर्ने स्वभाव हुँदा मजदुरी दिलाउने जग्गा धनीहरूले पनि कान्छी प्रजापतिलाई माया गर्थे ।

प्रत्येक वर्ष मजदुरी काम गर्दै दिन बिताइरहदा वि.सं. १९९२ चैत्र शुक्ल अष्टमीको दिन (चैत्र दशै) कान्छीको कोखबाट एउटा छोरा (गोपीकृष्ण) को जन्म भयो । तर सुख संगै दुख पनि आउँदो रहेछ भने जस्तै छोरा जन्मेको ८७ दिनपछि कान्छी प्रजापतिको पति गोपाल प्रजापतिको असामयिक निधन भयो । त्यसबेला कान्छी प्रजापतिले आकाश खसेर आफूलाई थिचेएको अनुभव गर्नुभयो । तैपनि मृत्यूलाई अवश्यम्भवी सम्झेर आफ्नो मुटुलाई दरो पारी शोकलाई शक्तिमा बदल्नुभयो ।

नेवार समुदायमा मृतकको नाउँमा काजक्रिया गर्नु, गुठीगाना चलाउनु आफ्नो दाजुभाइहरूलाई (फुकी जः) भोज खुवाउनु जस्ता रीतिरिवाज चलाउनु सजिलो थिएन । तैपनि त्यस्ता सम्पूर्ण जिम्मेदारीहरूलाई कान्छी प्रजापतिले राम्रैसँग बहन गर्नुभयो । छरछिमेकी तथा दाजुभाइमाझ आफ्नो परिवारको इज्जत धान्न सफल हुनुभयो । परिश्रमलाई आफ्नो प्रतिस्था सम्झने कान्छी प्रजापतिलाई पतिको मृत्यू पछि पहिलेको भन्दा बढी पारीवारिक भार बढन गयो । आफ्नो मनभित्रको बेदनालाई दबाउँदै ज्याला मजदुरीमा खेतीको सम्पूर्ण काममा लाग्नु भयो । त्यसबेला ज्यालादारीमा चिउरा कुट्नु, कपडा बुन्नु, रोपाईं गर्नु, धानबाली गोडमेल गर्नु, धान चुटेर घरमा पुऱ्याइदिनु मुख्य काम थियो । त्यही कामको ज्यालाबाट आफू र आफ्नो छोराको जीवन गुजारा गर्नु पर्दथ्यो । त्यसबेला दिनभरी मेहनत गर्दाखेरी पनि दिनको एक छाक तार्न मुश्किल थियो । तापनि जस्तो सुकै समस्या हुँदा पनि सासू-ससुरा र पतिले जम्मा गरेको घरको जिन्सी सामानहरू बेचेर खानुहुन्नथ्यो । घरका सम्पति थप्न नसकेता पनि घरको सम्पति जोगाउने काम भने राम्रैसंगै गर्नुहुन्थ्यो । जस्तोसुकै कठिन दिनहरूमा पनि सरल जीवन बिताउनु हुन्थ्यो । आफ्नो एक्लो छोरा गोपीकृष्ण गलत बाटोमा जाला र कुसंगतमा पर्ला भन्ने चिन्ता सधै लिनुहुन्थ्यो । त्यसकारण छोरालाई दुःखिहरूको सेवा गर्नु, राम्रो संगत गर्नु र नराम्रो बाटोमा नलाग्नु जस्ता अर्तिहरू सधैं दिइनै रहनुहुन्थ्यो ।

देशमा राणाहरूको जहानियाँ शासन थियो । शोसक तथा सामन्त राणाहरूले आफ्नो हुकुमी शासन अनुसार विरोधीहरूलाई झुण्डयाई मार्ने र नेपाली जनतालाई डर धम्की देखाउने काम गर्थे । त्यसको विरुद्धमा भक्तपुरका युवाहरूको मनमा पनि विद्रोहको भावना जाग्दै थियो । त्यही विद्रोहको भावना अनुसार एक दिन विष्णुभक्त भुजू, नारायणविलास जोशी, रत्नबहादुर कारञ्जित, नानीबहादुर कसाईं र लक्ष्मी कक्षपतिसंग मिली कान्छी प्रजापतिले आफ्नै घरमा २००५ साल मंसिर महिनातिर राणाविरोधी गोप्य बैठक राख्नुभयो । उक्त बैठकले राणा शासनको विरोधमा प्रत्येक दिन एक एकजना युवा सडकमा विरोध गर्न जाने निर्णय लिएको थियो । त्यही निर्णय अनुसार ओम शान्ति जय नेपाल ! इन्कलाप जिन्दावाद ! भन्दै विरोध गर्न जाने साथीहरूलाई कान्छी प्रजापतिले फूल माला र सगुन दिइ विदा गर्ने निर्णय भइरहेको समयमा राणा शासनका प्रहरीहरूले कान्छी प्रजापतिको घर घेरा दिए । त्यस्तो समयमा पनि अलिकति पनि न हड्बडाई सबै जना विद्रोहीहरूलाई आफ्नो पतिको लुगा लगाउन दिइ बाहिर पठाउन सफल हुनुभयो । प्रहरीहरूलाई छकाउनु भयो । भित्र भित्र राणा शासन विरोधी भावना फैलाउन मद्दत गर्दै जानुभयो । साथै २००७ साल फागुन ७ गते राणा शासनको अन्त भयो र प्रजातन्त्र स्थापना भयो । त्यस समय कान्छी प्रजापति अत्यन्त रमाउनु भएको थियो ।

देशमा प्रजातन्त्र स्थापना पछि पनि कान्छी प्रजापति पहिले झै परिश्रम गर्दै जानुभयो । सेवा नै धर्म हो भन्ने भावना जगाउन आफ्नो छोरा गोपीकृष्णलाई सही बाटो देखाउनु भयो । छोराले पनि आमाको अर्ति अनुसार विभिन्न किसिमका रोजगारीमा परिश्रम गर्दै पाटी पौवा जिर्णोद्धार गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउने जस्ता पुण्य काम गर्न थाल्नुभयो ।

**आमाको प्रेरणाबाट छोरा गोपीकृष्णले गर्नुभएको निर्माण तथा सहयोग :**

१. २०४३ साल पलाञ्चोक भगवती धर्मशाला निर्माण
२. २०५७ साल हनुमानघाट पाटी निर्माण
३. ख्वप कलेज गरीब जेहेन्दार विद्यार्थी अक्षयकोष
४. प्रभात अंग्रेजी उच्च मावि अक्षयकोष
५. क्षयरोग निवारण अफिस सञ्चालक अक्षयकोष
६. शारदा क्याम्पस भवन निर्माण सहयोग
७. ख्वप कलेज भवन बनाउन आमा कान्छी प्रजापतिको नामबाट २-४-०-० (दुई रोपनी चार आना) जग्गा दान
८. वाईजल्याण्ड मावि, जगाती, अक्षयकोष

कान्छी प्रजापतिले बुद्धको स्थल दर्शनको लागि भारतको बुद्ध गया, सारनाथ, प्रयाग र नेपालको लुम्बिनी दर्शनको लागि जानुभयो । सधैं धन भन्दा मन ठूलो भन्ने कुरा आफ्नो परिवारलाई अर्ति दिई २०५९ साल पौष कृष्ण पक्ष तृतीयाको दिन बेलुका ८:०० बजे उहाँको निधन भयो ।

●

# शान्तिया निंति लायकु त्याग

● चन्द्रबहादुर उलक

दोलंदो च्य व भ्वातिंया हिं
कपिलवस्तु ह्याउँसे च्वना च्वन/हाकुसे च्वना च्वन
लायकु छेंया छकू कोथाय्
राजकुमार सिद्धार्थया नुग:

दोलंदो च्य व भ्वातिंया च:तिं
तिलौराकोटया लायकु थिना च्वन/दना च्वन
भ:भ: न्हुया च्वन/ब्वया च्वन
शान्तिया निंतिं छगू मात्रा वास

अन सूर्द मरु, मरु तुमलानं
तृष्णाया सर्ग धरती न्यंक नना च्वन
लुइकेगु कुत: याना च्वन ।
साम, दाम दण्ड भेदया सत्ता नियम

सकलें सकलें मनूत अन्धविश्वासया बयस्वाय्
तक्यना च्वन/यग्गाना च्वन
नालु कथि जुया दना च्वन/ख्याना च्वन
सिद्धार्थया बैभव सिद्धार्थया औकात

हत्या-हिंसा व बलात्कारया वंगल सिमा
त:त:मा जुयां च्वन/हाग कयां च्वन
शान्तिया निंतिं पंग जुया च्वन
जनताया नुग: हिइकेया निंतिं

मनूया नुगलय् शान्ति भ्वाभ:
जुया च्वन/ध्वाथ:जुया च्वन
शान्तिया वास मालेगु निंतिं
सिद्धार्थ लायकु त्याग याना वन/त्वता वन

# बौद्ध धर्मको अध्ययन केन्द्र नेपाल



● ओम धौभडेल

नेपालमा बौद्ध धर्मको इतिहास अति प्रमाणित अनि गौरवपूर्ण छ । नेपालको इतिहास सँगसँगै बौद्ध धर्मको पनि उल्लेख भएको हुन्छ । त्यही भएर नेपालको इतिहासबारे थाहा पाउन बौद्ध धर्मबारे ज्ञान राख्नु अति जरुरी छ । नेपालकै तराईको कपिलवस्तुमा भगवान गौतमबुद्धको जन्म भएको भएर पनि काठमाडौं उपयत्कामा यसले कहिले कसरी प्रवेश पायो, जस्ता महत्वपूर्ण प्रश्नले सदैव यो विषयमा रुची भएकाहरूलाई घच्घच्याई रहेको हुन्छ । तत्कालीन अवस्थामा कपिलबस्तु सित काठमाण्डौं उपत्यकाको सिधा सम्पर्क नहुनाले पनि यहाँनिर अलिकति कठिन अवस्था आइपरेको छ ।

तर पनि पहिले देखि रहेको स्वयम्भु, काठे सिम्भु तथा बौद्धका स्तुपहरूबाट अशोक काल भन्दा अगाडी नै यहाँ बौद्ध धर्मले प्रवेश पाइसकेको अनुमान छ । यहाँका आदिवासी जनजातीहरू बीच यो धर्मले जरा गाड्ने क्रममा नेपाल उपत्यका बौद्ध धर्मकै अध्ययन स्थल भइसकेको देखिन्छ । नेपालमा बौद्ध धर्मको स्पष्ट इतिहास लिच्छवी राजा बृषदेव देखि शुरु हुन्छ । जसलाई जयदेव द्वितीयले पशुपतिको अभिलेखमा 'बौद्ध धर्मका पक्षपाती' भनि वर्णन गरेको छ । अर्थात सुगत शासन पक्षपाती भनिएको छ । इश्वीको चौथो शताब्दीतिर प्रशिद्ध भारतीय बौद्ध बिद्धान बसुबन्धु नेपाल आएको कारण पनि यहि थियो कि त्यसबेला नेपाल बौद्ध धर्मको अध्ययनको केन्द्र नै थियो ।

त्यस्तै इश्वीको सातौं शताब्दी तीर शीलमन्जु नामका एक योग्य बौद्ध आचार्यको उल्लेख गर्नु आवश्यक हुन्छ जो पछि तिब्बतका राजा स्रङ चङ गम्पोको दरवारमा गई तिब्बती बौद्ध धर्मग्रन्थको अनुवाद गरेको थियो । त्यसको केही समयपछि भारतको नालन्दाका प्रसिद्ध बौद्ध आचार्य दिपंकर श्री ज्ञान आफ्ना १२ जना शिष्यहरू सहित तिब्बत जाने क्रममा नेपाल आई एकवर्ष सम्म यहि रही बौद्ध धर्मको अध्ययन गरे । यस प्रकारले नेपाल बौद्ध धर्मको लागि स्वर्णभूमि नै ठहरिन पुग्यो । विक्रमको एघारौं शताब्दी ताका यहाँ बोधीगुप्त नामका प्रसिद्ध बौद्ध आर्चाय रहेको पुष्टि हुन्छ । ने.सं ८८ मा लेखिएको उषिस्ण विजया नामक धारिणीको पुष्पिका वाक्यबाट उनी महायानका अनुयायी भएको थाहा हुन आउँछ । यसै समय ताका यहाँ बागिश्वर किर्ती नामका अर्का प्रसिद्ध विद्वान क्रियाशिल रहेको तथ्य महत्वपुर्ण हुन आउँछ । त्यसै ताका यहाँ शान्तिभद्र नामका बौद्ध आर्चाय तिब्बत गई त्यहाँका रत्नाकर नामक विद्वान सित मिली अनुवाद गरेको बौद्ध ग्रन्थ बिज्ञप्ती मात्रता सिद्धी एउटा महत्वपुर्ण प्रमाण हुन आउँछ ।

त्यस्तै अनन्त श्री नामक अर्का प्रसिद्ध बौद्ध आर्चाय पनि तिब्बत गई ज्ञानश्री मित्रको सहयोगमा कार्यकारणभाव सिद्धी भन्ने तिब्बती ग्रन्थ अनुवाद गरेको देखिन्छ । त्यसो

त ने.सं ४० तीरको तत्कालीन राजा शंकर देवको नाम उल्लेख भएको काठमाडौं जैशी देवल नजिकको मन्जुश्रीको मुर्तिको शिलापत्र समेत बौद्ध धर्मसँग सम्बन्धित छ । त्यस्तै ने.सं १४४ तीर गौतम श्री नामका बौद्ध आर्चाय रहेको तथ्य पाटनको गुइत विहारको अभिलेखबाट थाहा हुन्छ । जसमा उनलाई महापण्डीत र शाक्यभिक्षु विशेषणले सम्बोधन गरेकोबाट उनी प्रसिद्ध बौद्ध विद्वान भएको पुष्टि हुन्छ । साथमा अर्का विद्वान शुभश्री शाक्यभिक्षुको समेत जिकिर गरेको छ । यता ने.सं १८३ मा सारिएको पञ्च रक्षा ग्रन्थको पुष्पीकामा भिक्षु रविन्द्र देवको नाम उल्लेख छ । त्यहाँ उनलाई आर्चाय स्थविर भनिएबाट उनी प्रसिद्ध भिक्षु रहेको ज्ञात हुन्छ । त्यसो त रविन्द्र देव र अर्का समकालीन बौद्ध आर्चाय रत्न रक्षित बारे प्रसिद्ध तिब्बती बौद्ध यात्री धर्मस्वामीको जीवनीबाट पनि केही हदसम्म प्रकाश हुन्छ । रोरिखले धर्मस्वामीको जीवनी नामका पुस्तकमा दक्षिणका धेरै शैव आर्चायहरूका साथ नालन्दा, विक्रमशिलाका बौद्ध विद्वानहरू, प्रधान आर्चाय, दिवकंर श्रीज्ञान अतिब, जगदल विहारका शाक्य श्री भद्रका शिष्य विभुतिचन्द्र तिब्बतका धर्मस्वामीका साथ तिब्बत जाने क्रममा कयौंपटक नेपाल आएर बस्दा धर्मस्वामी काठमाडौं स्वयम्भुनेर उनै दुईविद्वान रबिन्द्रदेव र रत्न रक्षितसँग आठवर्ष तन्त्रायानको अध्ययन गरेको एउटा महत्वपूर्ण प्रसंग आउँछ । त्यस्तै ने.सं २०४ तीर सारिएको सेक निर्देश पंजिकाको पुष्पिका अनुसार त्यस बेला यहाँ बज्राकर जीवको उल्लेख गर्नु आवश्यक हुन्छ । उक्त प्रमाणमा उनलाई सोगतत्ववादी भनिएकोले उनी बौद्ध धर्म र दर्शनको विद्वान भएको पुष्टि हुन्छ । त्यस्तै ने.सं २३५ तीर पाटन उकु बहालको एउटा ताडपत्रमा पदमभद्र, दानभद्र, मुनीभद्र पुर्णभद्रको लागि चीवरको लागि राखेको गुठी गानाःको उल्लेख छ । त्यस्तै ने.सं २९३ तीरको साखुँ बज्रयोगिनीको स्तम्भअभिलेख पनि बौद्ध धर्मसगँ सम्बन्धित हुनुबाट त्यस समयमा यहाँ बौद्ध धर्मको प्रभाव बारे थाहा पाउन सकिन्छ । तत्कालीन राजा बौद्ध बाङमयकै सन्दर्भमा ने.सं ३२७ तीर सारिएको अष्टसाहस्रिका प्रज्ञापारमिताबाट किर्ती श्री ज्ञान एक प्रसिद्ध बौद्धविद्वान रहेको थाहा हुन्छ । त्यस्तै ने.सं २४० तीर सारिएको अष्टसाहस्रिका प्रज्ञापारमितामा सिहदेवलाई परम सौगात उपाधि दिएको छ । यता भक्तपुरमा आनन्द देवले राज्य गरिरहेको समयमा ने.सं २८४ तीर अभयगुप्त नामक बौद्ध विद्वानले योगाम्बर साघन नामक बौद्ध वास्तुशास्त्र सारेबाट उनी प्रसिद्ध बौद्ध आर्चाय रहेको देखिन्छ । त्यसवाहेक उनले लेखेको बज्रावली र होमोपायिका (ज्योतिमञ्जरिनामा) नामका बौद्ध ग्रन्थमा उनलाई महापण्डीत पण्डीत भनिएको छ । बौद्ध वाङमयकै सन्दर्भमा ने.सं ३२७ तीर सारिएको अष्टसाहस्रिका पारमिताबाट किर्ती श्री ज्ञान नामका बौद्ध आचार्य बारे थाहा पाइन्छ ।

यही समयमा पाउन गुइतविहारको अभिलेखमा महापण्डीत चन्द्र पालको उल्लेख छ । उनै समयमा अर्का बौद्ध विद्वान भिक्षु वीरमति बज्राचार्यको उल्लेख छ । त्यसकै प्रमाण उक्त समयमा सारिएको क्रिया सग्रहको पञ्जिकाबाट प्राप्त हुन्छ । ने. सं ४७६ तीर सारिएको चान्द्र व्याकरणको पुष्पिकाबाट आर्चाय क्षेमेन्द्रको बारे थाहा पाउन सकिन्छ । उनी पन्ध्रौ शताब्दीका नेपालका बज्रयानका प्रसिद्ध आर्चायको रुपमा लिन सकिन्छ । त्यस्तै ने.सं ४९२ को स्वयम्भुको अभिलेखबाट तत्कालीन समयमा बज्राचार्य श्री जयानन्द र बज्राचार्य श्रीज्ञान किर्तीसेन बज्रायानका प्रसिद्ध विद्वान रहेको ज्ञात हुन्छ । मध्यकालमा यहाँ बौद्ध आर्चायहरू तथा उनीहरूले समापन गरेका प्रशस्त अभिलेख ग्रन्थहरू हाम्रो लागि प्रमाणकै रुपमा अगडि रहेको छ भने तत्कालीन समयमा बौद्ध धर्म दर्शनको अध्ययन केन्द्रको रुपमा यहाँ स्थापित बौद्ध विहारहरू र त्यहाँ प्राप्त शिलापत्र, ताडपत्रहरूको प्राचीनताले यसमा अझ बढी प्रामणिकता थप्छ ।

# गौतम बुद्ध एक क्रान्तिकारी दार्शनिक

● **प्रकाश**

ईसापूर्व छैटौं शताब्दीमा संसारका विभिन्न ठाउँमा धेरै महापुरुषहरु जन्मे तथा तिनीहरुले युगलाई नै प्रभावित पारे । ती सबै मध्ये शाक्यमुनि सिद्धार्थ गौतम सबैभन्दा बढी चर्चित रहे । यसो हुनुमा बुद्धले स्थापित गरेको दर्शन र सिद्धान्तले सर्वसाधारण जनतामात्र होइन राजा महाराजाहरु समेत प्रभावित पारी राष्ट्रिय घेरा तोडी विश्व धर्मका रुपमा बौद्ध धर्म स्थापित हुन सफल भएकोले हो ।

सिद्धार्थ गौतमको जन्म शाक्य कुलमा ई.पू ५६३मा कपिलवस्तु गणराज्यमा भएको थियो । उनका पिता शुद्धोधन कपिलवस्तुका शाक्य गणतन्त्रका सभामुख वा प्रमुख थिए । उनकी आमा कोलीय गणराज्यकी राजकुमारी मायादेवी भएको कुरा सुत्त निपातमा उल्लेख छ । सिद्धार्थ गौतमको जन्मको प्रमाणका रुपमा ई.पू. २५० मा भारतका सम्राट अशोकद्वारा राख्न लगाईएको अभिलेखमा 'हिद बुभ्धे जाके शाक्य मुनिनी' (शाक्यमुनि यहाँ पैदा भएका थिए ।) कुँदिएकोले स्पष्ट गर्दछ । सो अभिलेख भएको ठाउँ रुक्मिनदेवी अहिले अपभ्रंश भएर लुम्बिनी र रुपन्देहीका रुपमा प्रचलित छन् ।

उनका चिन्तनशील प्रवृति तथा मानव जातिप्रतिको प्रेम र कर्तब्यको भावनाको कारण उनी सुन्दर पत्नी, छोरा र घरबार मात्र होइन राज्य नै त्यागेर ज्ञान प्राप्तिका लागि विदेशिएका थिए ।

ज्ञान प्राप्तिको निम्ति हिंडेका सिद्धार्थ गौतमले सन्यासीको जीवन धारण गरी आलार कालम, धर्माचार्य रामपुत लगायत केहीबाट योगविद्या र तपस्याका केही विधि सिकेका थिए । त्यसपछि उनले ६ वर्ष सम्म कठोर तपस्या, योग तथा अनसन प्रारम्भ गरे । अन्न त्यागी प्राण रक्षाका लागि रस मात्र ग्रहण गरी शरीरलाई कठोर यातना दिई तपस्या गर्दा पनि कुनै लाभ नभएपछि उनले अन्नजल ग्रहण गरे ।

त्यसबेलासँगै तपस्या गर्ने ब्राम्हणहरुले उनलाई भाते भनी आलोचना गरी छाडिदिएका थिए । अन्न जल ग्रहण गरी स्वस्थ बनी चिन्तनशील रहेकै बेलामा उनलाई ज्ञान प्राप्त भयो । वा बुद्धत्व प्राप्त भयो । त्यसैले उनले ज्ञान प्राप्तपछि काम सुखमा लिप्त हुनु तथा शरीरलाई पीडा दिने दुवै अतिवादी धारणालाई छाडी मध्यम मार्ग अपनाउनुपर्ने, ठीक दृष्टि (दर्शन), ठीक संकल्प, ठीक वचन, ठीक कर्म, ठीक जीविका, ठीक प्रयत्न, ठीक स्मृति तथा ठीक समाधिको आर्य अष्टादिकको मार्ग नै मध्यममार्ग भएको र यही नै देखिने, ज्ञान प्राप्त हुने र शान्ति दिने श्रेष्ठ मार्ग भएको उपदेश दिएका थिए ।

निश्चय नै गौतम बुद्धले दिएको दर्शन आधारभूत रुपमा धार्मिक तथा मानवतावादी थियो तर उनको दर्शन तत्कालीन परिवेशमा एक परिवर्तनकारी वा क्रान्तिकारी

दर्शन तथा नौलो किसिमको धर्मको रुपमा स्थापित भयो । उनी दार्शनिक तथा अतिभौतिकवादी व्यक्तित्वका रुपमा मात्र रहेनन् बरु एक क्रान्तिकारी तथा मुक्तिकामी अभियन्ताका रुपमा सक्रिय रहेका थिए ।

'अनित्य, अनात्मा र दु:ख' नै बुद्ध दर्शनको सारका रुपमा लिइन्छ । उनले एक वस्तुको विनाशपछि अर्को वस्तुको उत्पत्ति हुन्छ भनी विचार दिए । यसलाई प्रतित्व समुत्पाद भनिएको छ । गौतम बुद्धको दर्शन अनात्मवादी छ तर उनी जडवादी भने थिएनन् । उनी अनिश्वरवादी थिए । बुद्ध ईश्वरको बारेमा सोध्दा मौन रहन्थे तर आदि मानवलाई परवर्ती मानवका रुपमा भ्रमपूर्ण रुपमा लिएको र त्यही आदि मानवलाई ईश्वर भनिएको धारणा उनको थियो । बुद्ध पृथ्वी, समाज र वर्णहरु, सम्पतिको उत्पति कुनै व्यक्ति वा शक्तिबाट नाभई क्रमश: विकासबाट भएको मान्थे । साथै कुनै कुरा पनि चीरस्थायी छैन, परिवर्तनशील छ र विनाश र विकास हुने प्राकृतिक नियम भएको धारणा राख्थे ।

गौतम बुद्ध राज्यसत्ता तथा राजाको उत्पति दैवी उत्पतिको सिद्धान्तलाई स्वीकार नगरी विकासवादी र सम्झौताको सिद्धान्तको आधारमा भएको मान्थे । बौद्ध साहित्यमा 'राजाको स्थापना भन्दा अघि अराजकताको स्थिति थियो, धर्म (अनुशासन) को अभाव थियो, मत्स्य न्यायको प्रचलन थियो, त्यसैले समाजको व्यवस्थाका लागि राजसंस्थाको आवश्यकता महसुस गरी योग्यताको आधारमा राजाको चुनाव भएको हो । राजाको काम बाह्य तथा आन्तरिक अशान्तिबाट समाजलाई रक्षा गर्ने, कर अशुल गर्ने तथा न्याय गर्ने मात्र हो, ऊ जनताको काम र जीवनमा हस्तक्षेप गर्दैन' भनी लेखिएको छ ।

गौतम बुद्ध लोकतन्त्रका पक्षपाती भएको कुरा बुद्धको उपदेश संग्रह दीर्घ निकायमा स्पष्ट छ । गौतम बुद्ध अत्यन्त कठोर त्याग र अत्यन्त भोग विलास दुवैलाई मूर्खता मान्ने र मध्यम मार्गलाई अपनाउनुपर्छ भन्ने धारणा राख्ने भएकोले मात्र होइन महा परिनित्वन सुत्तमा भिक्षुहरुलाई दिएका सात उपदेशले उनी लोकतन्त्रवादी तथा गणतन्त्रात्मक व्यवस्थाको पक्षमा रहेको कुरा स्पष्ट गर्दछ । बज्जी संघका गुणहरुलाई बौद्ध संघमा लागू गर्ने उद्देश्यले बुद्धले भिक्षुहरुलाई उपदेशका रुपमा सुनाई लागू गरिएका नियमहरु निम्न छन् -

१) भिक्षुहरु नित्य एकत्रित हुनुपर्ने र उत्साहपूर्वक सामूहिक निर्णय गर्नुपर्ने,
२) निर्णयअनुसार कार्य गर्नुपर्ने,
३) सामूहिक रुपमा भेला भएर कानुन तथा आचरणको नियम निर्माण गरी पालना गर्नुपर्ने, पहिला व्यवस्था नगरेका नियमको पालना नगर्ने र गरेका नियमको आदरपूर्वक पालना गर्नुपर्ने,
४) वृद्धहरुको सम्मान गर्नुपर्ने,
५) सांसारिक तृष्णाको वशमा हुन नहुने,
६) अरत्य सपनागार (एकान्त बास) मा उत्सुक भई रहनुपर्ने र
७) असल भिक्षुहरुको आदर सत्कार गर्नुपर्ने ।

यसरी सामूहिक रुपमा भेला भई निर्णय गर्ने लोकतान्त्रिक पद्धति र कोही ठूलो र सानो नहुने गणतन्त्रात्मक पद्धतिलाई बुद्धले आफ्नो संघमा स्थापित गरेको देखिन्छ ।

गौतम बुद्धले मनुष्यतामाथिको देवत्वलाई उल्टाई मनुष्यतालाई देवत्वभन्दा माथि राख्ने विचार अघि सारे । जब देवताले सुगति प्राप्त गर्दछ तबमात्र उसले मनुष्यता प्राप्त गर्दछ । देवतामा विलास, राग, द्वेष, इर्ष्या एवं मोह हुन्छ । देवतामा निर्वाणको साधन हुँदैन । त्यसैले मानव धर्म र देवताभन्दा उच्चतर हुन्छ भन्ने धारणाको प्रतिपादन गरी मानवलाई केन्द्रका रुपमा राख्ने काम गरे ।

यस सिद्धान्तले मानवमाथिको सर्वोच्च शक्तिको बौद्धिक तथा उपनिषदवादी दृष्टिकोणको ठाउँमा मानव नै सर्वोच्च र मानवद्वारा देवताको निर्माण भएको सांसारिक धारणा बन्न सघाउ पुग्यो ।

बुद्धको धारणा सर्वज्ञाता कोही पनि छैन भन्ने रहेको छ । कोही पनि व्यक्ति एकै चोटी सबै कुराको ज्ञान भएको पाउन सकिन्दैन भनी स्पष्ट गरेका छन् । त्यस्तै उनी कुनै ग्रन्थलाई स्वत: प्रामाणिक मान्नु हुँदैन भन्ने विचार राख्थे । त्यसैले बुद्धले कुन कुरा वा काम सही हो, कुन कुरा वा काम गलत हो भन्ने कुरामा सन्देह गरी आफैले चिन्तन गरी सही वा गलत छुट्याई त्यस्तो कुरा, काम वा धर्म ग्रहण गर्दा हित र सुख हुन्छ त्यसैले अपनाउनुपर्छ भन्ने मत जाहेर गरेका छन् । बुद्धको यो चिन्तन प्रणालीबाट नै सत्य र असत्य कुरा खोजी गर्नुपर्ने र कसैले भनेको कुरालाई स्वत: स्वीकार गर्न नहुने धारणाले तात्कालीन स्थापित मत खण्डन गर्नका लागि बाटोमात्र खोलिएन, बरु नयाँ चिन्तन प्रणाली नै स्थापित भएर ज्ञानको मार्ग प्रशस्त भएको देखिन्छ ।



गौतम बुद्ध जाति प्रथाका विरोधी थिए । उनले जाति प्रथालाई अनावश्यक तथा अस्वाभाविक भनी जाति प्रथाको खण्डन गरे तथा यसलाई कृत्रिम मानी जाति प्रथा उच्च जातिले अरुमाथि लादेको धारणा प्रस्तुत गरे । गौतम बुद्धले सिद्धान्तमात्र प्रतिपादन नगरी सिद्धान्त पालकको उदाहरण बनेको कुरा उनको जीवनी हेर्दा स्पष्ट हुन्छ ।

बौद्ध संघहरुमा माथिल्लो र तल्लो जातिको, धनी र गरीब कुलको भनी कुनै भेदभाव हुँदैन ? जाति प्रथा र जातिवादले गम्भीर प्रभाव पारिरहेको तत्कालीन अवस्थामा जाति समानताको सिद्धान्त क्रान्तिकारी थियो र बुद्धको यस विचार र कदमले तल्लो जातिका मानिसहरु उनका अनुयायी बने भने उच्च जाति वा कुलकाहरु विरोधी बने ।

बुद्ध आफूलाई आफ्ना शिष्य समान राख्थे, आफूलाई 'कल्याण मित्र' का रुपमा प्रस्तुत हुन रुचाउँथे, उपेक्षित वर्गकोमा खाना खान्थे, नांगी पागल र परित्यक्त स्वास्नी मानिसहरुलाई उद्धार गरी बहिनीको सम्बोधन गरी उपदेश दिन्थे, उनी महापुरुषको दैवीकरणको विरोधमा थिए । सबैलाई समान रुपले सम्मान गर्दथे, क्रोधपूर्ण शब्द निकाल्दैन थिए, सबैसँग उनको व्यवहार मानवतापूर्ण थियो ।

निश्चय नै बुद्ध अहिंसावादी विचारकका रुपमा रहेका छन् । उनले परिवर्तनको सिद्धान्त प्रतिपादन गरी यथातिवादको विरोधमा परिवर्तन र विकासका लागि बाटो खोलि दिए । प्रतित्व समुत्पादका अनुसार जगत, समाज, मानिस, सम्पूर्ण कुरा प्रत्येक क्षण परिवर्तन भइरहन्छन्, पहिलाको स्थितिमा आउँदैनन्, गएका दिन फर्कदैन (ते दिनो दिवसागता:), त्यसैले हरसमय परिवर्तनका लागि तयार रहनुपर्दछ भन्ने शिक्षा बुद्धले दिएर गएका छन् । यस्ता क्रान्तिकारी दार्शनिक दर्शनलाई बेवास्ता गरिएको र दैवीकरण गरी एक 'भगवान' का रुपमा मात्र पुजिएको दु:खद स्थिति नेपालमा छ ।

●

# 'बौद्धजगतका स्मरणीय व्यक्तिहरु' अध्ययन गर्दा

● गंगा वैद्य

प्राचीन भाषा र संस्कृति, बौद्ध दर्शन एवं साहित्यको संरक्षण, उत्थान तथा प्रचारप्रसारमा योगदान दिएका व्यक्तित्वहरुको परिचयात्मक लेखहरुको सँगालो 'बौद्धजगतका स्मरणीय व्यक्तिहरु' नामक पुस्तकका लेखक रत्नसुन्दर शाक्य हुन् । विभिन्न भागमा प्रकाशित पुस्तकहरुमध्ये यो पुस्तक 'पाँचौं भाग' हो ।

कानुन बन्नुअघि मानिसबाट हुने अपराध र गलत क्रियाकलापहरुको नियन्त्रण गर्न मानव समाजको विकाससँगै धर्मको प्रादुर्भाव भएको थियो । धर्मले मानव जीवनलाई अघि दोहोऱ्याउन दिशा निर्देश गर्छ । त्यसैले धर्म दर्शन कालान्तरमा गएर दर्शन धर्मको रुपान्तरण भयो त कतिलाई रुपान्तरिक गरिए । प्राणीमात्रको कल्याण गर्न तथा काम, क्रोध, लोभ, मोह र अहंकारबाट मुक्त हुन बुद्ध धर्म वा बौद्ध दर्शन लोकप्रिय हुँदै गयो ।




मानिसमा विद्यमान काम, क्रोध, लोभ र अहंकारलाई हटाइ आदर्श समाज निर्माण गर्न बौद्ध धर्म वा दर्शनको प्रचारार्थ आफ्नो जीवन व्यतित गर्ने बौद्ध दार्शनिकहरुमध्ये सातौं शताब्दीको आचार्य शान्तिदेव पनि एक हुन् । बौद्ध धर्म र दर्शनमाथि अन्य धार्मिक सम्प्रदायले गर्ने आक्रमण रोक्नुमा यिनको महत्वपूर्ण योगदान पाइन्छ । आफूसँगको शास्त्रार्थ ( ऐतिहासिक वादविवाद) मा हारेमा गुम्बा बन्द गरी बौद्ध धर्म त्याग्नुपर्ने सर्त राख्दै अबौद्ध पण्डित शंकरदेवले बौद्धमार्गी राज्यलाई आह्वान गरे । तिनीसँग भारतको बौद्ध गयाका आचार्य शान्तिदेवले शास्त्रार्थ गर्दा शंकरदेव पराजित भए र तिनका मन्दिरहरु बन्द गराई बौद्ध धर्म मान्न लगाए । साथै शान्तिदेव धर्मका कारण धर्मान्ध (धर्मका अन्धा) हरु बीच हुन लागेको युद्ध रोक्न धर्मको सही अर्थ त्यसको महत्व बोध गराउन सफल भएका थिए ।

त्यस्तै बाल्यकालदेखि बौद्ध धर्म र संघप्रति श्रद्धा राख्ने शिक्षाप्रेमी भिक्षु श्रद्धानन्द आफू पूर्ण रुपमा धार्मिक कार्यमा लाग्ने इच्छा राख्दाराख्दै पनि जीविकोपार्जनको लागि 'सिलोन रेल्वे' मा नोकरी गरे तथा अवकाशपछि जीवनको उत्तरार्द्धमा बुद्ध धर्म र दर्शनको पुनोरुत्थानमा लागे ।

भारतको कुशीनगरका गरिब, अशिक्षित र साधनविहीन जनताका छोरा-छोरी पढाउन सन् १९२९ मा 'चन्द्रमणि नि:शुल्क पाठशाला' स्थापना गरे । हरेक महिना प्राप्त हुने आफ्नो निवृत्तिभरण (पेन्सन) को रु. ६२।- मा रु. १०।- खर्च गरी बाँकी रकम पाठशालामा दिन्थे ।

उनको जीवनीबाट काम गर्न तन होइन मन चाहिने तथ्यलाई बुझ्न सकिन्छ । उनी श्रीलंकाली थिए ।

कलकत्ता विश्वविद्यालयमा र त्यसअन्तर्गतका स्कूल तथा क्याम्पसमा पालिभाषा र बौद्धसाहित्यको पठनपाठन गराउन शुरु गरेका व्यक्ति सर आशुतोष मुखर्जी हुन् । उनी त्यस विश्वविद्यालयका उपकुलपति थिए । साथै उनले मातृभाषाबाट शिक्षा दिनुपर्नेमा जोड दिए ।

त्यस्तै नेपालको बाटो हुँदै तिब्बत गई तिब्बती बुद्ध धर्म र दर्शनको अनुसन्धान गर्ने जापानी नागरिक भिक्षु इकाई कावागुची नेपाल आउने पहिलो जापानी थिए ।

कुनै पनि अध्ययन अनुसन्धान सहज नहुने कुरा भिक्षु कावागुचीले सामना गरेको भाषा समस्या र तिब्बती सरकार दलाई लामाको कठोर शासनबाट बच्न गरेका विभिन्न उपायबाट थाहा पाउन सकिन्छ ।

पैसा तिरेर अरुले अनुसन्धान गरेको कृतिबाट उत्तीर्ण भएका र हुन चाहने हाम्रो विश्वविद्यालयका विद्यार्थीहरुको लागि भिक्षु कावागुचीको काम एक ठूलो झापड सावित हुन्छ ।

बुद्ध धर्म र बौद्ध दर्शन युरोपमा प्रचार हुनुमा बेलायती नागरिक एफ.एल. वुडवार्डको योगदान महत्वपूर्ण छ । बुद्धका कथाहरु (Buddhist Stories), बुद्धका केही वाणीहरु (Some Saying of the Buddha), विश्वका उत्कृष्ट ग्रन्थहरु (The World's Classic) र 'अलौकिक ज्ञानको पुस्तक' (Manual of a Mystic) कृतिहरु बौद्ध दर्शन र साहित्यमा महत्वपूर्ण मानिन्छ ।

'महायान र हिनयानसँगको यसको सम्बन्धित दृष्टिकोण' (Aspects of Mahayana Buddhism and its relation to Hinyana) मा शोधग्रन्थ (Thesis) बाट पी.एच.डी. हासिल गरेका डा. नलिनाक्ष दत्तले जीर्ण भइसकेको छैठौं शताब्दीको बौद्ध ग्रन्थ उत्खनबाट प्राप्त गरे र त्यसमा लुप्त रहेका अंशलाई चिनियाँ, तिब्बती, पाली र संस्कृत ग्रन्थसित तुलना गरी उक्त ग्रन्थलाई पूर्ण बनाई प्रकाशित गरे, जुन कठिन थियो ।

राष्ट्रलाई भ्रष्टाचारमुक्त बनाउन चाहने बर्मेली बौद्धमार्गी सयाजी ऊ बा खिन आफू जागिर खाएको सरकारी अफिस एकाउन्टेन्ट जनरलमा सुपरिन्टेन्डेन्ट भई काम गर्दा आफ्ना कर्मचारी र सहकर्मीहरुलाई विपश्यना साधना सिकाएर स्वयम् सुधिने अवसर दिए तथा कडा अनुशासन लागू गरी आफ्नो कार्यालयलाई भ्रष्टाचारमुक्त गराउन सफल भए । त्यो कार्य अनुकरणीय थियो ।

त्यस्तै संरा अमेरिकाको हार्वड विश्वविद्यालयमा संस्कृत भाषाको अध्यापनलाई निरन्तरता दिन लगाउने तथा पाली र चिनियाँ भाषाको पनि अध्ययन शुरु गराउने व्यक्ति थिए रुसी नागरिक डा. जार्ज रोयरिक ।

उनले साम्यवादी विचारधारा र बुद्ध दर्शनको समन्वय हुनुपर्छ र यी दुई विचारधाराहरुको आपसी प्रभाव विश्व विकासको लागि उपयोगी हुने विचार व्यक्त गरेका थिए । त्यो विचार आज पनि सान्दर्भिक देखिन्छ ।

धर्म र राजनीति पैसा कमाउन र सम्पत्ति जोड्नको लागि होइन समाजसेवाको लागि हो भन्ने कुराको पुष्टि बेलायतकी सम्पन्न परिवारकी सन्तान सिस्टर बजिराको जीवनीबाट थाहा हुन्छ । तिनीले बुद्ध धर्म प्रचारार्थ आफ्नो सम्पूर्ण सम्पत्ति 'महाबोधि सभा' को नाममा राखिदिएकी थिइन् । त्यस सभाले बुद्ध धर्म र दर्शनका पुस्तकहरु प्रकाशित गर्ने काम गर्दछ ।

त्यस्तै आफ्नो शासनकालमा बुद्ध धर्म र दर्शनको प्रचार र विकास गर्न बर्मा बुद्ध शासन परिषद् (Union of Burma Buddha Sasan ouncil) को स्थापना गरी बुद्ध धर्म अध्ययन अध्यापन गराउन छात्रवृत्तिको प्रबन्ध गर्ने बर्मेली प्रधानमन्त्री ऊ नुको जीवनी पनि रोचक नै छ । उनी स्वयम् पनि भिक्षु थिए ।

'बुद्धकालीन भारतीय भूगोल' विषयमा शोधग्रन्थ (Thesis) लेखी पी.एच.डी. उपाधि हासिल गरेका डा. भरतसिंह उपाध्यायले विभिन्न कृतिहरु लेखी बुद्ध धर्मको प्रचार-प्रसारमा महत्वपूर्ण योगदान दिएका थिए । उनको 'थेरी गाथाएँ' (थेरीका कथाहरु) एउटा ऐतिहासिक कृति हो, जसमा बुद्धकालीन नारीहरुको जीवन तथा सामाजिक, राजनैतिक र धार्मिक अवस्थाको चर्चा गरिएको छ ।

आफ्नो तीक्ष्ण स्मरण शक्तिका कारण 'विश्वप्रसिद्ध व्यक्तिहरुको सूची' (Guiness Book) मा नाम लेखाउन सफल व्यक्ति भदन्त मिंगुन सयादोले बुद्ध धर्म र दर्शनको परियत्ति शिक्षा दिन आफ्नो देश बर्मामा 'परियत्ति शासन विश्वविद्यालयको स्थापना गरेका थिए ।

श्रीलंकाली भिक्षु के.श्री धम्मानन्द नायक महास्थवीरले मलेशियाका केही प्रतिष्ठित बौद्धहरुलाई पनि सम्मिलित गरी बौद्ध धर्म प्रचार समाज' (Buddhist Missionary society) नामक संस्था स्थापना गरेका थिए र त्यही 'समाज' बाट बुद्ध धर्मसम्बन्धी अध्ययनयोग्य पुस्तिकाहरु तथा स-साना पुस्तकहरु अंग्रेजीमा लेखेर बुद्ध धर्मको प्रचार-प्रसार गरे ।

नेपालमा बुद्ध धर्मको प्रचारका साथसाथै बौद्ध दर्शन, भाषा, साहित्य, संस्कृति एवं नेपालभाषा संरक्षण र उत्थानमा योगदान गरेका व्यक्तित्वहरुमा ज्ञानज्योति साहु, आशाराम शाक्य, भिक्षु सुमंगल महास्थविर, भिक्षु सुदर्शन महास्थविर र भिक्षु ज्ञानपूर्णिक महास्थविर आदि छन् । विशेषगरी शैक्षिक क्षेत्रको विकास र भाषा साहित्यको संरक्षणमा यिनीहरुको योगदान सराहनीय छ ।

कीर्तिपुरस्थित नयाँ बजारको सुन्दर र भव्य विहार भिक्षु सुदर्शन महास्थविरको अगुवाइमा निर्माण गरिएको थियो । त्यस्तै वि.सं. २०२२ सालमा रेडियो नेपालबाट नेपालभाषाको कार्यक्रम 'जीवन दबू' को प्रसारण बन्द गरेको विरोधमा आवाज उठाउँदा उनले ६ महिना ६ दिन नक्खू जेलमा बिताएका थिए ।

यसरी विभिन्न समयमा प्रकाशित पुस्तक तथा लेखहरु अध्ययन गरी बुद्ध धर्म, बौद्ध दर्शन र संस्कृतिको संरक्षण, उत्थान र प्रचार-प्रसारमा योगदान दिएका व्यक्तित्वहरुको जीवनी तयार गर्नु लेखक रत्नसुन्दर शाक्यको कार्य प्रशंसनीय छ । साथै बुद्ध धर्म र दर्शन अध्ययनरत विद्यार्थी र अन्य पाठकलाई यो पुस्तक उपयोगी र जानकारीमूलक छ ।

जीवनीको पुच्छारमा सन्दर्भ-सामग्रीहरुको उल्लेख हुनु सान्दर्भिक छ र थप पुस्तकको जानकारी पनि उक्त सन्दर्भ-सामग्रीहरुबाट प्राप्त हुन्छ । त्यस्तै प्रव्रजित, महास्थविर, अनागरिक, श्रामणेर, उप-सम्पन्नजस्ता बौद्ध धर्ममा प्रचलित शब्दहरुको अर्थ पनि उल्लेख भएको खण्डमा पुस्तक सुनमाथि सुगन्ध हुने थियो ।

पुस्तकको कागज राम्रो छ । लेखअनुसार सम्बन्धित व्यक्तित्वहरुको तस्वीरहरुले पुस्तकलाई स्तरीय र आकर्षक बनाएको छ । लेखक रत्नसुन्दर शाक्य र प्रकाशक भिक्षु महानाम महास्थविरलाई साधुवाद ।

●

# हार्दिक श्रद्धाञ्जली



बौद्ध दर्शन अध्ययन समाजका संस्थापक अध्यक्ष **ज्ञानबहादुर न्याइच्याई**को असामयिक निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछौं ।

## बौद्ध दर्शन अध्ययन समाज परिवार

भक्तपुर

# हार्दिक शुभेच्छा

बौद्ध दर्शन अध्ययन समाजले प्रकाशित गरेको "अर्हत" ले बौद्ध चेतना जगाउने अभियानमा महत्वपूर्ण योगदान पुऱ्याउन सकोस् भन्ने हार्दिक शुभेच्छा तथा हर्ष व्यक्त गर्दछौं ।

**प्राचार्य**

**वागीश्वरी उ.मा.वि./वागीश्वरी कलेज**

तौलाछें, भक्तपुर, ६६१०२८०, ६६१३०४१